# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २४ गते २०३३ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

नहर सञ्चालन नियमावली, २०३१ को नियम ६ को उप–नियम (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पानीपोतको अङ्क, असूल गर्ने तरीका र बुझाउनु पर्ने म्यादको सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. पानीपोतको अङ्क

(क) यो सूचना प्रकाशित हुनु अघिको २०३२ सालको हिउँदे बालीसम्मको पानी-पोत लिने दर र सो असूल गर्ने सम्बन्धमा आर्थिक ऐन, २०३० मा व्यवस्था भै आए मुताबिक गरी दुबै फसलको लागि तराई क्षेत्रमा विगहा १ को रू. १३।– र उपत्यका र पहाडी क्षेत्रमा रोपनी १ को रू. १।– का दरले पानीपोत असूल गराउने एक फसललाई मात्र पानी पटनी भएकोलाई प्रति विगहाको रू. ६।५० र रोपनी १ को रू. ।५० का दरले जग्गाधनीबाट असूल उपर गर्ने ।



९६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) २०३३ सालको शुरू बालीदेखि उपत्यका र पहाडी क्षेत्रमा सिंचाइ भएको जग्गाको पानीपोत प्रति बाली प्रति रोपनी १ को रू. ३।०८ र तराई क्षेत्रमा प्रति बाली प्रति बिगहा १ को रू. ४०।– बुझाउन पर्नेछ।

(ग) विदेशी ऋणबाट सञ्चालन भएको सिंचाइ योजनाहरूको हकमा समितिबाट तोकिएको पानीपोतको दर र असूल गर्ने तरीका समितिबाटै श्री ५ को सरकारको स्वीकृति लिई गर्ने गराउने हुँदा प्रकरण (ख) को दर यसमा लागू हुनेछैन ।

२. असूल गर्ने तरीका

(क) जोताहा र जग्गाधनी आफै भै सुरक्षित किसान नभएकोमा वर्षे र हिउँदे बालीको सिंचाइ भएको जग्गाको पानीपोत जग्गाधनीबाटै र भूमिसुधारबाट कुत निर्धारित नभएको जग्गाको पनि मुख्य बाली जग्गाधनी र मोही बीच आधी आधी खान पाउने हुँदा उक्त जग्गाको मुख्य बालीको सिंचाइ भएको जग्गाको पानीपोत जग्गाधनीबाटै असूल उपर गर्ने ।

(ख) कुत निर्धारित नभएको जग्गाको हकमा मुख्य बाली बाहेक अरू हिउँदे बाली सुरक्षित किसानले मात्र खाने भएको हुँदा उक्त हिउँदे बालीमा लाग्ने पानी-पोत र कुत निर्धारित भएको जग्गाको सबै बालीको पानीपोत सुरक्षित किसानसंग लिने ।

३. बुझाउनु पर्ने म्याद

(क) सुरक्षित किसानले बुझाउनु पर्ने पानीपोत जग्गाधनीलाई कुत बुझाउने समयभित्र बुझाई सोको भर्पाई लिनुपर्छ ।

(ख) जग्गाधनीले मालपोत बुझाउने समयसम्ममा पानीपोत गुठी अधिनस्थ जग्गाको हकमा गुठी संस्थानमा र श्री ५ को सरकारको अधिनस्थ जग्गाको हकमा माल तथा कोष तहसील कार्यालयमा बुझाउनुपर्छ, पानीपोत सुरक्षित किसानले नबुझाई बाँकी राखेको भए सोही व्यहोरा उल्लेख गरी माल बुझाएका बखतमा फाँटवारी पेश गर्नुपर्दछ ।

(ग) पानीपोत बापत गुठी संस्थानमा असूल हुन आएको रकम उक्त संस्थानले पुनः इलाका माल तथा कोष तहसील कार्यालयमा दाखिल गर्नुपर्छ ।

(घ) उक्त मालपोत बुझिलिने कार्यालयले जग्गाधनीबाट सुरक्षित किसानले पानी-पोत नबुझाएको व्यहोरा पारी फाँटवारी दिए पछि त्यस्तो पानीपोत नबुझाउने सुरक्षित किसानको नाममा १५ दिनभित्र जग्गाधनीलाई बाँकी पानीपोत बुझाउनु पर्ने र सो म्यादभित्र नबुझाएमा कानन बमोजिम कारबाई हुनेछ भनी सूचना जारी गर्नुपर्दछ ।

१०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) उक्त प्रकरण (घ) बमोजिमको सूचना प्राप्त भएपछि सुरक्षित किसानले जग्गाधनीलाई बाँकी रहेको पानीपोत बुझाई भर्पाई लिनुपर्छ र सो भर्पाईको नक्कल सूचना जारी गर्ने कार्यालयमा पेश गर्नु पर्नेछ।

(च) जग्गाधनीले सुरक्षित किसानसंग पानीपोत बुझी नलिएमा सो व्यहोरा उल्लेख गरी सुरक्षित किसानले जग्गाधनीले मालपोत बुझाउने कार्यालयमा पानीपोतको लाग्ने रूपैयाँ समेत दरखास्तसाथ धरौटीमा राखी भर्पाई लिनु पर्दछ।

(छ) जग्गाधनीले पानीपोत नबुझेको कारण देखाई सुरक्षित किसानले धरौटीमा राख्न ल्याएको रूपैयाँ पानीपोत बुझ्ने कार्यालयले बुझी लिई त्यस्को भर्पाई दिनुपर्छ र सुरक्षित किसानले धरौटी राखेको व्यहोरा जग्गाधनीलाई जानकारी दिई उक्त धरौट रहेको पानीपोतको रूपैयाँ सदर स्याहामा आम्दानी बाँधी दिनुपर्छ।

(ज) प्रकरण (घ) बमोजिम सुरक्षित किसानले जग्गाधनीलाई पानीपोत बुझाएको १५ दिनभित्र मालपोत बुझ्ने कार्यालयमा बुझाई सक्नु पर्नेछ।

आज्ञाले—
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

966

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।